# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, भदौ ३१ गते २०३१ साल [संख्या २३


श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

### नून नियन्त्रण (पहिलो संशोधन) आदेश, २०३१

नून नियन्त्रण आदेश, २०३१ (यसपछि "मूल आदेश" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "नून नियन्त्रण (पहिलो संशोधन) आदेश, २०३१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल आदेशको दफा १ मा संशोधनः– (१) मूल आदेशको दफा १ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) यो आदेश श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्लामा तोकेको मितिदेखि लागू हुनेछ।"

(२) मूल आदेशको दफा १ को उपदफा (३) झिकिएको छ।

३. मूल आदेशको दफा ५ मा संशोधनः– मूल आदेशको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"५. नूनको स्थानान्तरणमा नियन्त्रण :– (१) यो आदेश लागू भएपछि स्थानीय अधिकारीको लिखित आदेश प्राप्त गरेर मात्र नूनको व्यापारीले आफ्नो स्टकमा रहेको नून अर्को जिल्लामा स्थानान्तरण गर्न पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निर्धारित स्थानको निमित्त तोकिएको नूनलाई परिवहन गर्नको निमित्त एक वा एक भन्दा बढी जिल्लाको बाटो गरी वसार पसार गर्नु पर्ने भएमा सम्बन्धित नूनको व्यापारीले त्यस्तो बाटोमा पर्ने जिल्लाको स्थानीय अधिकारीबाट आदेश प्राप्त नगरीकनै नून स्थानान्तरण गर्न पाउनेछ ।"

४. आदेश लागू रहने बारे:– यो आदेश नेपाल राजपत्रमा प्रकाशित भएपछि दफा १ को उपदफा (२) अन्तर्गत सूचना प्रकाशित भई तोकिएका जिल्लामा मात्र मूल आदेश कायम भई रहेको मानिने छ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

नून नियन्त्रण ( पहिलो संशोधन ) आदेश, २०३१ को दफा १ को उपदफा (२) को अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको जिल्लाहरूमा मिति २०३१।५।३१ देखि यो आदेश लागू हुने गरी तोकिदिएको छ ।

| | |
|---|---|
| १. झापा | २. मोरंग |
| ३. सप्तरी | ४. धनुषा |
| ५. पर्सा | ६. काठमाडौं |
| ७. ललितपुर | ८. भक्तपुर |
| ९. चितौन | १०. कास्की |
| ११. रूपन्देही | १२. कपिलवस्तु |
| १३. दाङदेउखुरी | १४. बांके |
| १५. बर्दिया | १६. कैलाली |
| १७. कञ्चनपुर | १८. सुर्खेत |
| १९. धनकुटा | |

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।